**<u>दुर्गा  प्रसाद प्रसाई बिरुद्ध बैंकिङ् कसूर र सम्पति शुद्धीकरण सम्बन्धी कसूरमा CIB मा मुद्दा दर्ता भई सम्मानित उच्च अदालत पाटन, ललितपुरबाट पक्राउ अनुमति लिई अनुसन्धान भईरहेको</u>**

१) दुर्गा प्रसाद प्रसाई र निजको परिवार सम्बद्ध फर्म र कम्पनीहरुले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा रकमहरु जुन प्रयोजनको लागि लिएको हो सोही प्रयोजनमा प्रयोग नगरी अन्यत्र उपयोग गरेको,

२) विभिन्न बैंक वित्तीय संस्थामा रहेको कर्जा चुक्ता गर्न अर्को कर्जाको रकम उपयोग गरेको,

३) निज र निज सम्बद्ध कम्पनीहरुले बैंक वित्तीय संस्थावाट कर्जा लिंदा उल्लेख गरेको प्रयोजन भन्दा अन्यत्र कर्जाको रकम उपयोग गरी कर्जा दुरुपयोग गरेको,

४) बैंकवाट लिएको कर्जा व्यवसायमा मात्र प्रयोग गर्नुपर्ने र व्यवसायको आम्दानी कर्जा भुक्तानीमा प्रयोग गर्नु पर्नेमा ठुलो रकम पेश्कीको रुपमा निज र निज सम्बद्ध कम्पनीहरुलाई प्रदान गरेको,

५) विगत चार वर्ष देखि बी एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा र पुर्वाञ्चल क्यान्सर .लि. नभएको,

६) परियोजनाको cost escalation गरी परियोजनालाई आवश्यक पर्ने भन्दा बढी कजा उपयोग गरेको,

७) ऋणी फर्मकम्पनीका अन्तिम हिताधिकारी/ (Beneficial Ownership) दुर्गा प्रसाद प्रसाई रहेको,

८) दुर्गा प्रसाद प्रसाईले बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४ को दफा ८ मा रहेको कर्जाको दुरुपयोग गर्न नहुने भन्ने व्यवस्थाको उल्लंघन गरेको,

९) निज, निजका परिवार र निजहरु सम्बद्ध फर्म र कम्पनीका विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको खाताहरुमा round tripping, related party transaction लगायतका शंकास्पद कारोवारहरु भएको देखिएको,

१०)निज उपर बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण निवारण ऐन (मनी लाउन्डरिङ्ग), २०६४ बमोजिम थप अनुसन्धान गरी कारवाही गर्न नेपाल राष्ट्र बैंकको मिति २०८१गतेको पत्र साथ २३/१०/ केन्द्रीय अनुसन्धान व्यूरोमा पत्र प्राप्त भएको,

११)अनुसन्धानको क्रममा तत्कालिन NCC Bank (हालको कुमारी बैंक) बाट पूर्वाञ्चल क्यान्सर अस्पतालको नाममा प्रवाह भएको १२ करोड ५० लाख रुपैया, नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक लिमिटेडबाट Hotel Atrium Pvt Ltd को नाममा प्रवाह भएको ५ करोड रुपैया र गुडविल फाईनान्स लिमिटेडबाट U.A.Medico Supplies and Equipment Pvt.Ltd को नाममा प्रवाह भएको १० करोड रुपैया कर्जा जुन प्रयोजनको लागि लिएको हो सो प्रयोजनमा प्रयोग नगरी अन्यत्र उपयोग गरी दुरुपयोग गरेको देखिन आएको ।  साथै निजले सम्पतिको श्रोत लुकाउन विभिन्न तहको जटिल कारोबार मार्फत round tripping, related party transaction लगायतका शंकास्पद कारोवारहरू भएको देखिन आएको,

१२)केन्द्रीय अनुसन्धान व्यूरोबाट निज दुर्गा प्रसाद प्रसाई बिरुद्ध मिति **२०८१।१२।१७ गते  बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण निवारण ऐन (मनी लाउन्डरिङ्ग),** **२०६४** बमिजिम मुद्दा दर्ता भई सम्मानित उच्च अदालत पाटन, ललितपुरबाट पक्राउ अनुमति लिई विस्तृत अनुसन्धान जारी रहेको ।